# मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎: ०७८-४१०१२७
४१०१२३


प.सं. ०७७/०७८
च.नं. ३६६२

मिति २०७८/०३/३१

अत्यन्त जरुरी

श्रीमान सचिव ज्यू,
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

श्रीमान सचिव ज्यू,
सार्बजनिक खरिद अनुगमन कार्यालय,
ताहाचल, काठमाडौं ।

**विषयः विशेष परिस्थितिमा खरिद भएको जानकारी सम्बन्धमा**

उल्लिखित सम्बन्धमा यस कार्यालयले चालु आ.व. ०७७/०७८ मा Covid-19 New Variant को संक्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापनको लागी निषेधाज्ञाको अवधि २०७८/०१/२१ देखी ऐ.ऐ. २०७८/०३/३१ सम्म मालसामान, निर्माण कार्य तत्काल खरिद गरि कार्यान्वयन गराउनु परेकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ को उप–नियम (१) को कानूनी व्यवस्था बमोजिम आकस्मिक परिस्थितीको सामना गर्न आवश्यक परिमाण र समयावधिका लागी मात्र यथासम्भव प्रतिस्पर्धा गराई एउटा मात्र निर्माण व्यवसायी, आपूर्तिकर्तासँग लिखित दरभाउ माग गरी प्राप्त दरभाउलाई पुनः सम्बन्धित सेवा प्रदायक (निर्माण व्यवसायी, आपूर्तिकर्ता) सँग वार्ता गराई स्वच्छ र उचित मूल्यको आधारमा वार्ता गरी संलग्न विवरण र मूल्यको मालसामान र निर्माण कार्य खरिद गरि कार्य सम्पन्न समेत गराई उचित खर्च अनुसार बिल भरपाई रकमको सम्बन्धित सेवा प्रदायकलाई भुक्तानी गरिएको व्यहोरा सादर अनुरोध छ । साथै श्रीमान सचिव ज्यू (संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय) बाट मिति २०७८/०३/०२ च.नं. ५२० को पत्रद्वारा यस कार्यालयलाई प्राप्त अख्तियारी पत्रानुसार बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत तोकिएका विपन्न वर्गका सुनौला हजार दिनका आमा तथा वालवालिकालाई तोकिएको कार्यविधि अनुसार ५४० जनालाई प्रति व्यक्ति रु.२,६७५/- बराबरको राहत खाद्यान्न मालसामान वितरण गर्न सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ को उप–नियम (१) को आधारमा स्वच्छ र उचित मूल्यको आधारमा तत्काल एकमात्र आपूर्तिकर्तासँग वार्ता गरी खरिद गरिएको र सोका आधारमा तोकिएको कार्यविधिको मापदण्डमा पर्ने लक्षित समुहलाई राहत खाद्यान्न मालसामान उपलब्ध गराइ भर्पाइ समेत लिई सम्बन्धित आपूर्तिकर्तालाई भुक्तानी गरिएको व्यहोरा सादर अनुरोध छ । प्रचलित कानूनी व्यवस्था बमोजिम उल्लिखित व्यहोरा बमोजिम खरिद गरिएका मालसामानहरुको खर्च विवरण यसैसाथ संलग्न गरी प्रेषित गरेको छु । सार्वजनिक रुपमा भोलीको राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरिने व्यहोरा श्रीमान सचिव ज्यू समक्ष सादर जाहेर गरेको छु ।

२०७८/०३/३१

..............................
नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत
नगर कार्यपालिकाको कार्यालय
मध्यबिन्दु नगरपालिका

नारायण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री नगर प्रमुखको सचिवालय, मध्यबिन्दु नगरपालिका, नवलपरासी (ब.स.पू.),
श्री सूचना प्रविधि शाखा: संलग्न खर्चको विवरणसहित आजै website मा upload गरिदिनु हुन ।

अत्यन्त जरुरी

## Covid-19 महामारीको अवधिमा भएको खर्च विवरण

### (अवधि २०७८/०१/२१ देखि ऐ.ऐ. २०७८/०३/३१ सम्म)

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | Covid विरामी ओसारपसार खर्च यातायात र एम्बुलेन्स खर्च समेतको भुक्तानी | १३२२८०।०० |
| २ | प्राथमिक स्वास्थ्य केन्द्र, चोरमारामा अस्थायी Covid-19 अस्पताल पूर्वाधार निर्माण खर्चको भुक्तानी | ७५००००।०० |
| ३ | सर्जिकल सामाग्री बेड लगायतको भुक्तानी | १६५७०५१।०० |
| ४ | अक्सिजन रेगुलेटर ५ वटाको भुक्तानी | १६५९३।०० |
| ५ | PPE, Surgical Mask लगायत Covid उपचार औषधीसम्बन्धी भुक्तानी | १५८२१८।०० |
| ६ | प्रदेश सरकारबाट प्राप्त अक्सीजन कन्सन्टेटर, नेबुलाइजर र Pulse Oxymeter र औषधीको भुक्तानी | ५०००००।०० |
| ७ | अक्सीजन सिलिण्डर ५ वटा र औषधीको भुक्तानी | १३०३५३।०० |
| ८ | Covid-19 संक्रमित विरामीको औषधि खरिदको भुक्तानी | १५५४५४।०० |
| ९ | अक्सीजन ग्यास भरेको (भ्याट बिल अनुसारको) भुक्तानी | ६८५४८।०० |
| | क्र.सं. १ देखि ९ सम्मको जम्मा खर्च र भुक्तानी रकम | ३५६८४९७।०० |
| १० | लक्षित समुहमा तोकिएको कार्यविधि अनुसार बहुक्षेत्रीय पोषण कार्यक्रम अनुसार तत्काल उपलब्ध गराएको राहत खाद्यान्नको भुक्तानी रकम | १३१८२७०।१० |
| | क्र.सं. १ देखि ९ सम्मको जम्मा खर्च र क्र.सं. १० को समेत जम्मा गरी कुल जम्मा | ४८८६७६७।१० |

पुनश्चः उल्लिखित भुक्तानीमा VAT लाग्ने मालसामानमा भ्याट सहितको भुक्तानी गरिएको छ ।

२०७८/०४/३१

प्रमुख प्रशासकीय अधिकृत